स्थानीय सरकार
मालिकार्जुन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर,दार्चुला

सुदूरपश्चिम प्रदेश,नेपाल

प.स. २०७८/०७९
च.नं.

**बाख्राको साना व्यसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास सञ्चालन सम्बन्धि सूचना।**
(प्रथम पटक सूचना प्रकाशित मिति २०७८/११/०५)

उपरोक्त विषय सम्वन्धमा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना मालिकार्जुन गाउँपालिका अन्तर्गत आ.व.२०७८/०७९ आर्थिक संघिय कार्यक्रम अनुसार बाख्राको साना व्यसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक कृषक पशु समुह /सहकारि/जल/वन/उपभोक्ता समिति/ पशु फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकासित भएको मितिले १५ दिन भित्र (अर्थात २०७८/११/१९ गते भित्र तपशिल अनुसारका कागजात सहित यस मालिकार्जुन गाउँपालिका पशु सेवा शाखा शंकरपुर दार्चुलामा प्रस्तावना पेश गर्न हुन सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:**

१. रु १० को टिकट टासँ गारि अनुसुचि १० बमोजिमको निवेदन र निवेदन साथ पुर्ण भरिएको फारम १ प्रति।
२. सम्बन्धित निकायमा पशु समूह प्रति पशु फर्म दर्ता नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी
३. सहकारीको हकमा कृषि/पशुपालन/ दुग्ध व्यसाय सन्चालन गर्नेउद्देश्य खुल्ने कागजात को प्रतिलिपि १ प्रति।
४. पशु फर्महरुको हकमा PAN/VAT प्रमाणपत्रको प्रतिलिपि १ प्रति।
५. सहकारीको हकमा अघिल्लो आ.व.को बार्षिक रिपोट र कर चुक्ता प्रमाणपत्र को प्रतिलिपी १ प्रति।
६. वडा कार्यालयको सिफारिस १ प्रति।
७. समूह सहकारीको हकमा कार्यक्रम माग गरेको निर्णयको फोटोकपी।
८. कार्यक्रम हुने स्थान(जग्गा/जमिन) को स्वामित्व खुल्ने वा भाडाको जग्गा भएमा सम्झौता को प्रतिलिपि।
९. नागरिकताको फोटोकपि १-१ प्रती।
१०.यस सूचना सम्बन्धी निर्णय गर्ने सम्पुर्ण अधिकार मालिकार्जुन गाउँपालिकामा रहने छ।
११.कम्तिमा २० बाख्रा पालिरहेको कृषक फर्मलाई प्राथमिकता दिइने छ।
१२.वडा गतरुपमा पशु समूह/ पशु फर्महरु बाट बढी निवेदन पर्न गएमा सोही वडा लाई प्राथमिकता दिइने छ।

**पुनश्च:-** रीत नपुगि आएका वा म्याद नाघि आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन।

कल्यान सिह धामी
पशु शाखा प्रमुख

(सुरज प्रसाद जोशी)
प्रमुख प्रशासकीय अधिकृत

Website:-www.malikarjunmun.gov.np Email:-mrmdarchula@gmail.com/
info@malikarjunmun.gov.np
Contact: 9858784512